# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन ११ गते २०३३ साल

श्री ५ को सरकार

### शिक्षा मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले संग्रहालय भवन बनाउनको लागि कोशी अञ्चल, धनकुटा जिल्ला, धनकुटा बजार गाउँ पञ्चायत वार्ड नं. ६ अन्तर्गत माथिल्लो कोप्चेमा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व कि. नं. १४४ र ७३ को जग्गा, पश्चिम कि. नं. १५३, १५७,७२ को जग्गा र बाटो, दक्षिण कि. नं. ६८ को जग्गा, उत्तर कि. नं. १४६ को जग्गा र बाटो यति ४ किल्ला-भित्रको कि. नं. १५५ को ४–०–१ पूरै, कि. नं. ७१ को ०–१३–३ पूरैसमेतको जम्मा रोपनी ४–१४–० (चार रोपनी चौध आना) को जम्मा मालपोत रू. १।७६ ( एक रूपैयाँ छैहत्तर पैसा) लागेको कित्ता ।

आज्ञाले–

ईश्वरीलाल श्रेष्ठ

श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## शिक्षा मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले संग्रहालय भवन बनाउनको लागि गण्डकी अञ्चल, कास्की जिल्ला, पोखरा नगर पञ्चायत अन्तर्गत नयाँ बजार वार्ड ९ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व पर्ति जग्गा र सेतीनदी, पश्चिम कि. नं. ७५९, उत्तर कि. नं. ७५२, ७५१, ७५६, ७५७, र ७५८ को जग्गा, दक्षिणतर्फ कि. नं. ७१० को सार्वजनिक बाटो यति ४ किल्लाभित्रको कि. नं. ७५८ मध्येबाट ६–१–१, कि. नं. ७५७ मध्येबाट ०–१२–२$\frac{१}{४}$, कि.नं. ७५५ को ०–३–२$\frac{१}{४}$ पूरै, कि. नं. ७५४ को ०–१२$\frac{३}{४}$ पूरै, कि. नं. ७५३ को ०–९–० पूरै, कि. नं. ७६० को १–१५–० पूरै समेतको जम्मा तिरो रू. २।३ (दुई रूपैयाँ तीन पैसा) लागेको जम्मा जग्गा १०–५–२$\frac{१}{४}$ (दश रोपनी पाँच आना सवा दुई पैसा) को कित्ता ।

आज्ञाले–
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

~~५८६~~ ६४४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।